अपिहिमाल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०७ संख्या : १५ मिति : २०८०/०३/१२

## भाग - १

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**अपिहिमाल गाउँपालिकाको विनियोजन ऐन, २०८०**

गाउँ सभाबाट पारित मिति

२०८०।०३।११

**प्रस्तावना** : अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट सम्बन्धित निकायलाई रकम विनियोजन र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम अहपिहिमाल गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "अपिहिमाल गाउँपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि अपिहिमाल गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : आर्थिक वर्ष २०८०।८१ को निमित्त गाँउ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय

व्यवस्थाको रकम समेत गरी जम्मा रकम ३१,२७,७२,०००।०० (अक्षररूपी एकतीस करोड सत्ताईस लाख बाहत्तर हजार रूपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन** : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थापन तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको दश प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अपिहिमाल गाउँपालिका

अनुसूची-१

अपिहिमाल गाउँपालिका

खण्डेश्वरी, दार्चुला

आय र व्यको अनुमान

आर्थिक वर्ष २०८०/०८१

रू. हजारमा

| क.सं. | बजेटका स्रोतहरु | २०७८-७९ को यथार्थ | २०७९-८० को संशोधित | २०८०-८१ को अनुमान |
|---|---|---|---|---|
| क | **राजस्व तथा अनुदान** | ३००१२३ | ३५५२३६ | ३१२७७२ |
| १ | आन्तरिक आय | २०११ | २५०० | २६८४ |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त आय | ४७४९३ | ६९७८० | ६८४१३ |
| | नेपाल सरकार | ४६६३९ | ६८६९६ | ६७३१३ |
| | प्रदेश सरकार | ८५४ | १०८४ | ११०० |
| ३ | रोयल्टी बाँडफाडबाट प्राप्त राजस्व | २८३ | ७२० | ७२० |
| | वन रोयल्टी | २८० | ७०० | ७०० |
| | खानी रोयल्टी | ० | ० | ० |
| | विधुत रोयल्टी | ० | ० | ० |
| | पर्वतारोहण रोयल्टी | २ | २० | २० |
| ४ | नेपाल सरकार वित्तीय हस्तान्तरण | २३१०८३ | २५६४९१ | २०९१०० |
| | वित्तीय समानीकरण अनुदान | ७४३०० | ८०९०० | ७२८०० |
| | सशर्त अनुदान | १३६५४९ | १३५५९१ | ११७८०० |
| | विशेष अनुदान | १४२०१ | ३५००० | ११५०० |

| | | | | |
|---|---|---|---|---|
| | समपुरक अनुदान | ६०३३ | ५००० | ७००० |
| ५ | सुदुरपश्चिम प्रदेश सरकार वित्तीय हस्तान्तरण | ९९५९ | ९२४० | २०४१४ |
| | वित्तीय समानीकरण अनुदान | ५०८२ | ५३४० | ५६१४ |
| | सशर्त अनुदान | २४७५ | ० | ४३०० |
| | विशेष अनुदान | २४०२ | २५०० | १०५०० |
| | समपुरक अनुदान | ० | १४०० | ० |
| ६ | अन्य अनुदान | ० | ० | ० |
| ७ | अन्तर स्थानीय तहबाट साझेदारी रकम | ० | ० | ० |
| ८ | जनसहभगिता | ० | ० | ० |
| ९ | नगद मौज्दात | ९२९५ | १६५०५ | ११४४१ |
| ख | **व्यय** | २८३६४८ | २२५३९९ | ३१२७७२ |
| १ | चालु खर्च | १८५४२८ | १५४४१३ | २१५४४७ |
| २ | पुँजीगत खर्च | ९८२२० | ७०९८५ | ९७३२५ |
| संघीय अनुदान तर्फ | | २२१५५० | १७८७९४ | २०९१०० |
| १ | वित्तीय समानिकरण | ६४७२९ | ५२०४३ | ७२८०० |
| २ | सशर्त अनुदान | १३६५८७ | ११२०७१ | ११७८०० |
| ३ | विशेष अनुदान | १४२०१ | १२६७१ | ११५०० |
| ४ | समपुरक अनुदान | ६०३३ | २००९ | ७००० |
| प्रदेश अनुदान तर्फ | | ८०३८ | ६१०४ | २०४१४ |
| १ | वित्तीय समानिकरण | ३१६२ | २४३६ | ५६१४ |
| २ | सशर्त अनुदान | २४७५ | ० | ४३०० |
| ३ | विशेष अनुदान | २४०१ | २३५२ | १०५०० |

| | | | | |
|---|---|---|---|---|
| ४ | समपुरक अनुदान | ० | १३१६ | ० |
| राजस्व बाडफाँड | | ५४०५५ | ५६९१४ | ८३२५८ |
| १ | संघ | ४४०५५ | ४०७१२ | ६७३१३ |
| २ | प्रदेश | ३०० | ७४२ | ११०० |
| ३ | रोयल्टी बाडफाँड | ० | ० | ७२० |
| ४ | आन्तरिक (अ.ल्या र राजस्व सहित) | ९७०० | १५४६० | १४१२५ |

**आर्थिक वर्ष २०८०|०८१ का लागि विषयगत शाखा, वडा कार्यालयका लागि निर्धारण गरिएको बजेट सीमा (शसर्त अनुदान बाहेक)**

**बजेट रु. हजारमा**

| क्र.सं. | शीर्षकको नाम | संख्या | दर | जम्मा |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिकाको कार्यालयको चालु खर्च | १ | ७२४०७ | ७२४०७ |
| २ | शिक्षा, युवा तथा खेलकूद शाखा | १ | २४१४४ | २४१४४ |
| ३ | जनस्वास्थ्य शाखा | १ | १५०० | १५०० |
| ४ | आयुर्वेद शाखा | १ | ५०० | ५०० |
| ५ | कृषि विकास शाखा | १ | ५२५ | ५२५ |
| ६ | पशुपंक्षी तथा मत्स्य विकास शाखा | १ | ५२५ | ५२५ |
| ७ | महिला तथा बालविकास शाखा | १ | १८०० | १८०० |
| ८ | सूचना तथा प्रविधि शाखा | १ | १००० | १००० |
| ९ | पूर्वाधार विकास शाखा | १ | १२०० | १२०० |
| १० | बन तथा वातावरण | १ | ४०० | ४०० |
| ११ | खानेपानी, सरसफाई तथा सहकारी | १ | ८५० | ८५० |

| | | | | |
|---|---|---|---|---|
| १२ | **वडास्तरीय योजना तथा कार्यक्रम (६ वटै वडा)** | **१** | **६८००** | **६८००** |
| १३ | राजश्व सम्बन्धी कार्यक्रम | १ | ६०० | ६०० |
| १४ | अध्यक्ष रोजगार कार्यक्रम | १ | २५०० | २५०० |
| १५ | आ.व. २०७९/८० को दायित्व | १ | १००० | १००० |
| १६ | घरेलु तथा लघुउद्यम प्रवर्द्धन कार्यक्रम | १ | ५०० | ५०० |
| १७ | न्यायिक समिति | १ | ५०० | ५०० |
| १८ | भाषा तथा संस्कृती प्रवर्धन | १ | ३०० | ३०० |
| १९ | अर्ग्यानिक अपिहिमाल कार्यक्रम (कृषि र पशुपंछी) | १ | ८०० | ८०० |
| २० | जात्रा व्यवस्थापन | १ | ५०० | ५०० |
| २१ | भूमि सेवा केन्द्र | १ | ५०० | ५०० |
| २२ | पर्यटन प्रवर्द्धन योजना तथा कार्यक्रम | १ | ३२०० | ३२०० |
| २३ | विपद व्यवस्थापन | १ | २५०० | २५०० |
| २४ | मज्जे खोला लघु जलबिद्युत आयोजना वडा नं. ६ | १ | ५० | ५० |
| २५ | शान्ति सुरक्षा व्यवस्थान | १ | १०० | १०० |
| २६ | समपुरक कोष | १ | ४४७०० | ४४७०० |
| | **कूल जम्मा व्यय** | | | १६९४०१ |
| | **कूल आय** | | | |

आज्ञाले,

ईन्द्र बहादुर रावल

प्रमुख प्रशासकीय अधिकृत



अपिहिमाल गाउँपालिका